सुदूरपश्चिम विश्वविद्यालय
कृषि विज्ञान संकाय
डीनको कार्यालय
टीकापुर, कैलाली

**कृषि स्नातक तह सातौं सत्रान्तको मौका परिक्षा दिने परिक्षार्थीहरुको परिक्षा आवेदन फाराम भर्ने सम्वधी जरुरी सूचना !**

**सूचना प्रकाशित मितिः २०८२/११/१२**

सुदूरपश्चिम विश्वविद्यालय कृषि विज्ञान संकाय, टीकापुर कैलालीद्वारा सेमेस्टर प्रणालीमा सञ्चालित कृषि स्नातक तह (B. Sc. Ag.) सातौं सत्रान्तको वि.स. २०८२ सालको नियमित तथा आंशिक परिक्षामा अनुतिर्ण भएका परिक्षार्थीहरुले निम्न विवरण अनुसार परिक्षा आवेदन फाराम भरि मिति २०८२ साल फागुन २९ गते सम्म स्कूल अफ एग्रीकल्चर टीकापुर, कैलालीमा वुझाउनुहुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. आवेदन फाराम परिक्षार्थी स्वयंले भरि वुझाउनु पर्नेछ।

२. फाराम भर्दा सुदूरपश्चिम विश्वविद्यालयको नियमावली (स्विकृत विषय) तथा पाठ्यक्रमले तोके वमोजिम विषयहरु मात्र भर्नु भराउनु पर्नेछ। अन्यथा हुन गएमा कृषि विज्ञान संकाय डीन कार्यालय टीकापुर, कैलाली जवाफदेही हुनेछैन।

३. परिक्षा दिने शैद्धान्तिक र प्रयोगात्मक विषय छुट्याई विषय कोड नम्वर सहित पुरा नाम स्पस्ट खुलाएर लेख्नुपर्नेछ।

४. आवेदन फाराम स्कूल अफ एग्रीकल्चरको शैक्षिक प्रशासन शाखावाट प्राप्त गर्न सकिने छ।

५.स्कूल अफ एग्रीकल्चर शैक्षिक प्रशासन शाखाले फाराम बुझ्दा विद्यार्थिले भरेका प्रत्येक फारामहरु अंग्रेजी वणार्नुक्रम अनुसार स्पस्ट लगत राखि विद्यार्थीको नाम र रजिष्ट्रेसन नंम्वर ठिक भए नभएको रुजु गर्नुपर्ने छ।

६. परिक्षार्थीले हालसालै खिचेको २ प्रति एकनासको पासपोर्ट साइजको फोटो टाँसी (फौटो र फाराममा समेत पर्ने गरि) कृषि विज्ञान संकायका डीनको हस्ताक्षर हुनुपर्नेछ।

७. साधारण म्याद सकिएको ५ दिन भित्र दोव्वर दस्तुर लिई स्कूल अफ एग्रीकल्चरले फाराम वुझ्नेछ।

८. परिक्षा शुल्क स्नातक तहको लागि प्रति सेमेष्टर रु ९००।- लाग्नेछ।

डिनको कार्यालय
कृषि विज्ञान संकाय
टीकापुर, कैलाली

९. प्रयोगात्मक परिक्षा शुल्क प्रति विषय रु २५०।- का दरले लाग्नेछ।

१०. थप जानकारीकोलागि कृषि विज्ञान संकाय डीन कार्यालय वा स्कूल अफ एग्रीकल्चर शैक्षिक प्रशासन शाखा टीकापुर कैलालीमा सम्पर्क राख्न सकिने छ।

११. **मौका परीक्षा (Chance Exam) सम्बन्धमा :** सुदुरपश्चिम विश्वविद्यालय कृषि विज्ञान संकाय बिद्यार्थी भर्ना, रजिष्ट्रेशन तथा परीक्षा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०८२ परिच्छेद - ३ को ३.१.४ मा "स्नातक तथा स्नातकोत्तर तहको अन्तिम वर्षको परीक्षामा मात्र बढीमा दुई विषयमा असफल भएका तर अन्य सम्पूर्ण अघिल्ला सेमेस्टरका परीक्षाहरु उत्तीर्ण गरेका विद्यार्थीहरुलाई अन्तिम सत्रको परीक्षाफल घोषणा भएको मितिले ४५ दिनभित्र मौका परीक्षाको अवसर मिल्ने हो। कुनै एक वा सो भन्दा बढि पत्रमा Expelled भएमा त्यस किसिमको कारवाहीमा परेका विद्यार्थीलाई Expelled भएका पत्रहरुको मौका परीक्षामा सहभागी हुन पाउने छैनन्"।

१२. **परिक्षा दिन पाउने अवधी सम्वन्धमा :** सुदुरपश्चिम विश्वविद्यालय परिक्षा व्यवस्थापन तथा सञ्चालन कार्यविधी २०७८ अनुसुची २ को नियम १० (क) मा "चारवर्षे शैक्षिक कार्यक्रमका विद्यार्थीले पहिलो पटक परिक्षामा सम्मिलित भएको वर्षवाट आठ वर्ष भित्र पाठ्क्रमले तह पुरा गर्न तोकेको सम्पुर्ण आवश्यकताहरु पुरा गरि सक्नुपर्ने छ।

२०८२।११।१२
............
डीन
कृषि विज्ञान संकाय
टीकापुर, कैलाली